नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौं

## नागरिक बचतपत्र २०७७ निष्कासन गर्ने सम्बन्धी सूचना

मिति २०७२/२/१२

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवं व्यवस्था कायम गरी नागरिक बचतपत्र २०७७ निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विशेषताहरु

(क) बचतपत्रको नाम : नागरिक बचतपत्र २०७७ (५ वर्षे) ।

(ख) निष्कासन हुने रकम : रु.२५० करोड (दुई अर्व पचास करोड रुपैयाँ मात्र) ।

(ग) वार्षिक व्याजदर : ८.०० प्रतिशत (व्याजकर लाग्ने) ।

(घ) व्याज भुक्तानी : ६/६ महिनामा हुने ।

(ङ) खरिद गर्न पाउने सीमा : घटिमा दश हजार रुपैया र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा ।

(च) लगानी (खरिद) कर्ता : नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने ।

(छ) धितो सम्बन्धी सुविधा : यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने ।

२. विक्री खुला, निष्कासन र सांवा भुक्तानी

(क) बिक्री खुला हुने अवधि : २०७२ जेठ १२ गतेदेखि जेठ २६ गतेसम्म ।

(ख) निष्कासन : २०७२ असार १ गते ।

(ग) साँवा भुक्तानी : २०७७ असार १ गते ।

३. अन्य व्यवस्था

(क) आवेदन फाराम सम्बन्धमा : आवेदन फाराम बजार निर्माताहरु, नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरु वा यस बैंकको वेवसाईट www.nrb.org.np अन्तर्गत Public Debt बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।

(ख) आवेदन फाराम बुझ्ने कार्यालयहरु: यो नागरिक बचतपत्र बजार निर्माताहरु र उपत्यका बाहिरको हकमा नेपाल राष्ट्र बैंकका कार्यालयहरु तथा बजार निर्माताहरु मार्फत बुझाउन सकिने । आवेदन फाराम र रकम बुझाउने भौचरहरु नेपाल राष्ट्र बैंक तथा बजार निर्माताहरुबाट निःशुल्क उपलब्ध हुने । (बजार निर्माताहरुको सूची यस बैंकको वेवसाईट http:// www .nrb.org.np अन्तर्गत Public Debt भित्र उपलब्ध छ ।)

(ग) व्याज पाउने स्थान : आफुलाई पायक पर्ने नेपाल राष्ट्र बैंकका कार्यालयहरु तथा बजार निर्माताहरु मार्फत लिन सकिने व्यवस्था रहेको ।

(घ) खण्डित अवधिको व्याज : खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको यस बचतपत्रको लागि तोकिएको व्याजदरमा खरिदकर्ताहरुलाई खण्डित अवधिको व्याज रकम समेत भुक्तानी दिइने ।

(ङ) बचतपत्रको किसिम : स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोट मध्ये कुन किसिमको प्रमाणपत्र लिने हो आवेदन फाराममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र मात्र उपलब्ध गराइनेछ । बचतपत्र खरिद गर्नेले आवेदन फाराममा आफ्नो पूरा नाम र ठेगाना उल्लेख गरी दस्तखत गर्नु पर्ने ।

(च) आवेदन साथ पेश गर्नुपर्ने कागजात : आवेदन साथ विवरण प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ आफ्नो १ प्रति फोटो र प्रत्येक ऋणपत्र पिच्छे एक एक प्रति फोटो सहित आवेदन फाराममा दुवै हातको बुढि औंलाको छाप स्पष्ट रुपमा लगाई पेश गर्नु पर्नेछ । नाबालकको नाममा बचतपत्र खरिद गर्दा संरक्षकले आफ्नो नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(छ) अस्वीकृत आवेदनकर्ताको भुक्तानी : रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनका साथ जम्मा हुन आएको रकम विना व्याज ७ दिनभित्र फिर्ता गर्न सम्बन्धित कार्यालय वा बजार निर्मातालाई लेखी पठाइने ।

(ज) बांडफांड सम्बन्धी व्यवस्था : खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने ।

(झ) परिपत्र तथा कार्यविधि : यो नागरिक बचतपत्र बिक्री गर्न गराउन नेपाल राष्ट्र बैकका उपत्यका बाहिरका कार्यालयहरु र बजार निर्माताहरुलाई परिपत्र तथा कार्यविधि पठाइने । सो परिपत्र प्राप्त नभएको अवस्थामा यसै सूचनालाई आधार मानी उक्त बचतपत्र खरिद गर्न चाहने व्यक्तिहरुलाई तोकिएको अवधिभित्र बिक्री गरी सो को सुचना दैनिक रुपमा फ्याक्स (फ्याक्स नं. ४२५४१७०) मार्फत वा छिटो साधनबाट यस विभागमा पठाउनु पर्ने । दैनिक रुपमा विवरण सहितको आवेदन फारामहरु छिटो साधनद्वारा यस विभागमा पठाउनु पर्ने । खरिदकर्ताहरु मार्फत आवेदन फाराम साथ जम्मा हुन आएको रकम फराम बुझ्ने कार्यालयले सोही दिन बैंकिंग समय भित्र खाता नं.१२००००० /०१५-१११-५२४ मा जम्मा गर्नु पर्ने ।

(ञ) थप जानकारी : यस विषयमा थप जानकारीको लागि राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेवसाइट http://www .nrb.org.np अन्तर्गत Public Debt भित्र हेर्नु हुन अनुरोध छ ।

नोट : यसै सूचनालाई आधार मानी नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालय र सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको विक्री वितरण बैंकको वेवसाइटमा राखिएको कार्यविधि अनुसार गर्न गराउनु हुन अनुरोध छ ।